सम्वत २०८१ सालको कार्यविधि नं. ५

# फलेवास नगरपालिका करार सेवामा कार्यरत कर्मचारीको बचत बृद्धि सम्बन्धी

नगर कार्यपालिकाबाट पारित मिति : २०८१।११।२८
प्रमाणिकरण मिति : २०८१।११।२८
राजपत्रमा प्रकाशित मिति:

## कार्यविधि २०८१

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश

कृष्ण प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल

**फलेवास नगरपालिका करार सेवामा कार्यरत कर्मचारीलाई दिइने सेवा सुविधा सम्वन्धी कार्यविधि, २०८१**

फलेवास नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुका लागी बचत बृद्धि कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को (ङ) मा भएको व्यवस्थालाई लागु गर्न उक्त ऐनको दफा १०२ तथा फलेवास नगरपालिका प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ बमोजिम फलेवास नगर कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१) **संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम " फलेवास नगरपालिका करार सेवामा कार्यरत कर्मचारीलाई दिइने सेवा सुविधा सम्वन्धी कार्यविधि, २०८१ " रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाले निर्णय गरेको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा:**

विषय वा प्रसंगले आर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले फलेवास नगरपालिका सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले फलेवास नगर कार्यपालिका सम्झनु पर्दछ ।

घ) "कर्मचारी" भन्नाले नगर कार्यपालिका कार्यालय र अन्तरगतका वडा कार्यालय, कृषि तथा पशु सेवा केन्द्र र स्वास्थ्य चौकीमा करार सेवामा कार्यरत कर्मचारी जनाउँछ ।

ङ) "आर्थिक बर्ष" भन्नाले श्रावण एक गतेबाट शुरु भई असार मसान्तमा समाप्त हुने आर्थिक कारोवार हुने अवधि सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐनको दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

छ) "बचत बृद्धि" भन्नाले फलेवास नगर कार्यपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारी सेवा निवृत्त हुँदा दिइने साझेदारीमा बचत भएको एकमुष्ट बचत रकम सम्झनु पर्दछ ।

कृष्ण प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद दुई
## सेवा सुविधा सम्बन्धी व्यवस्था

३) **कर्मचारीको म्याद थप व्यवस्था :**

१) यस ऐन बमोजिम सेवा करार वा करार सेवामा कार्यरत सबै तह, पद र स्तरका कर्मचारीहरुको प्रत्येक छ महिनामा नबढ्ने गरी म्याद थप गरिनेछ ।

२) उपदफा १ बमोजिम म्याद थपिने कर्मचारी कार्यालयको अभिलेखमा स्वीकृत दरबन्दीमा कार्यरत रहेको हुनु पर्नेछ ।

४) **अभिलेख व्यवस्थापन :** यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत दरवन्दीमा करार सेवा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीको अभिलेख तयार गरी प्रशासकीय अधिकृतले प्रमाणित गराइ राख्नु पर्नेछ ।

५) **सेवा सुविधा सम्वन्धी व्यवस्था :**

यस नगरपालिका र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीलाई नगरपालिकाले कर्मचारीहरुको प्रत्येक महिनाको तलवबाट २.५% रकम कट्टा गरी सो रकममा नगरपालिकाबाट सत प्रतिशत रकम थप गरी हुन आउने रकम समेत नागरिक लगानी कोष कर्मचारी बचत बृद्धि कार्यक्रम स्वीकृत अवकाश कोषमा जम्मा गर्नुपर्नेछ । उक्त रकम करार सेवामा कार्यरत कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराइ पदबाट अलग भएमा वा भविष्यमा स्थानीय सेवाको निम्ती अयोग्य नठहरिने गरी हटाइएमा वा अवकाश दिएमा नागरिक लगानी कोषसँगको समन्वयमा जम्मा भएको रकम उपलब्ध गराइनेछ ।

६) **कार्यविधि संशोधन :**

यस कार्यविधि अनुसार कर्मचारीले पाउने सुविधाका सम्वन्धमा नगर कार्यपालिकाले कार्यविधिमा आवश्यकता अनुसार संशोधन, समायोजन तथा हेरफेर गर्न सक्नेछ ।

७) **ऐन तथा नियम बाझिएमा :**

यस कार्यविधिमा उल्लेखित कुनै विधि, प्रकृया वा कुरा प्रचलित ऐन तथा नियमावलीसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय भएको मानिनेछ ।

८) **बचाउ :**

यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि नगरपालिकाको करार सेवामा कार्यरत कर्मचारीहरुको बचत बृद्धि सम्वन्धि सुविधाको नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत
कृष्ण प्रसाद आचार्य